## प्रश्न नं. ५६

**त्रि.वि. कानुन संकाय, नेपाल ल क्याम्पस एलएल.वि. द्धितिय बर्ष २०७५/०७६ को अभ्यास अदालत अन्तर्गत फौजदारी मुद्दाको विवरणः**

**(कक्षा रोल्नं.६७१० देखि ६८३१ सम्मका विद्यार्थीहरुका लागी मात्र)**

कपिलवस्तु जिल्ला मायादेवी गाउपालिका वडा नं.७ बस्ने रामदेव कुर्मीको जाहेरीले नेपाल सरकार
विरुद्ध
कपिलवस्तु जिल्ला मायादेवी गाउपालिका वडा नं.७ बस्ने  शिवपुजन यादव असहरसमेत

**मुद्दा : ज्यान सम्बन्धी कसुर ।**

(१) मेरो वर्ष १७ को छोरा राजकुमार कुर्मी मिति २०७५।८।१ मा घरबाट गएकोमा फर्की नआएकोले खाज्दै जाँदा मायादेवी गाउपालिका वडा नं.७ अमहवाको सोहिया नालामा मृत अवस्थामा फेला परेको हुदा कानुनबमोजिम गरिपाउँ भन्नेसमेत **जाहेरी दरखास्त ।**

(२) मायादेवी गाउपालिका वडा नं.७ अमहवास्थित पुर्व रादेव कुर्मीको खेत उत्तर दक्षिण सडक पश्चिम श्यामलाल अहिरको खेत यति चार किल्लाभित्र टाउको सोहिया नालामा पश्चिम मोहडा भई हिलोमा गडिएको शरीरको भाग १४ फिट पुर्व टाढा रहेको उक्त स्थानमा २ फिट गोलाइमा रगत जमेको घाटीबाट काटी ढाड र टाउको छुट्टाछुट्टै अवस्थामा रहेको भन्नेसमेतको **घटनास्थल तथा लास जाँच मुचुल्का ।**

(३) शिवपुजन यादव अहिर सन्तराम यादव अहिर तथा निजहरुको श्रीमतीहरुको संलग्नतामा छोरा राजकुमार कुर्मीलाई कर्तव्य गरी मारेकोले अभियुक्तहरुलाई खोजतलास गरी कानुनबमोजिम कारबाही गरिपाउँ भनी रादेव कुर्मीले दिएको किटानी **जाहेरी दरखास्त ।**

(४) जिल्ला कपिलवस्तु मायादेवी गाउपालिका वडा नं.७ स्थित पुर्व प्रतिवादी रामवरण यादव अहिरको खेत पश्चिम इमिलिया अमहवा जाने सडक उत्तर पुजारी अहिरको गोठ दक्षिण झगरु अहिरको खेत यति चार किल्लाभित्र रहेको प्रतिवादीको घरकोठामा हाँडीमा लुकाई राखेको रगत लागेको सेतो कछाड, सेतो धोती थान २ बरामद गरिएको **खानतलासी बरामदी मुचुल्का ।**

(५) प्रतिवादी शिव पुजन यादव र रामवरण यादव अहिरलाई पक्राउ गरी दाखिला गरेको भन्ने प्र.ह.डुकराज भुषालको प्रतिवेदन ।

(६) मिति २०७५।०८।०१ का दिन राजकुमार कुर्मी हाम्रो घरमा आई मेरो श्रीमतीसँग एकछिन भान्सामा बसी १०।१५ मिनेटपछि फर्की गएका हुन् ऐ.२ गते निजको हत्या भएको भन्ने खबर सुनेको र दुई टुक्रा पारेको अवस्थामा लाससमेत देखेको हो तर सो वारदात मैले गराएको होइन भन्नेसमेतको प्रतिवादी **शिव पुजन यादव अहिरले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान ।**

(७) मिति २०७५।०८।०१ का दिन राजकुमार कुर्मी हाम्रो घरमा आई मेरो श्रीमतीसँग एकछिन भान्सामा बसी १०।१५ मिनेटपछि फर्की गएका हुन् ऐ.२ गते निजको हत्या भएको भन्ने खबर सुनेको र दुई टुक्रा पारेको अवस्थामा लाससमेत देखेको हो तर सो वारदात मैले गराएको होइन भन्नेसमेतको प्रतिवादी रामवरण यादव अहिरले **अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान ।**

(८) मिसिल संलग्न जाहेरी दरखास्त घटनास्थ्ल मुचुल्का शव परीक्षण प्रतिवेदन पक्राउ परेका प्रतिवादीहरुले गरिदिएको कागज बेहोरासमेतका आधार प्रमाणबाट मिति २०७५।०८।०१ को राति प्रतिवादीहरुको घरमा आएका मृतक राजकुमार कुर्मीलाई प्रतिवादीहरु मिली आफ्नै घरमा कर्तव्य गरी मारी सोइया नालामा लगी घाँटी काटी फलेको देखिन आएकोले निज प्रतिवादीहरु रामवरण यादव अहिर र शिव पुजन यादव अहिर समेतलाई  मुलुकी अपराध संहिता,२०७४ को ज्यान सम्बन्धी कसुरको दफा १७७ को उपदफा १ बमोजिमको कसुर अपराधमा सोही संहिताको दफा १७७ को उपदफा २ बमोजिम जन्म कैदको सजाय गरिपाउँ भन्ने व्यहोराको **अभियोग पत्र ।**

(९) कपिलबस्तु जिल्ला अदालतमा प्रतिवादी रामवरण यादवले सुरु अदालतमा गरेको **बयान** ।

(१०) कपिलबस्तु जिल्ला अदालतमा प्रतिवादी शिवपुजन यादवले सुरु अदालतमा गरेको **बयान ।**

(११) कपिलवस्तु जिल्ला अदालतको फैसला ।

**प्रश्न नं. ५६**

(१२) प्रतिवादी शिवपुजन यादव अहिरको उच्च अदालत पोखरा बुटवल इजलासमा परेको **पुनरावेदनपत्र** ।